## प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ मा भएको जरिवाना सम्वन्धी संक्षिप्त विवरण

| सि.नं. | दफा | कसुरको सक्षिप्त विवरण | जरिवाना |
|---|---|---|---|
| १ | १७ | (१)कुनै एक प्रयोजनका लागि दर्ता भएको सवारी अर्को प्रयोजनका लागि प्रयोग गरेमा ।<br>(२)भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ती भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजन वाहेक अन्य प्रयोजनको निम्ती प्रयोग गरेमा । | रु. ५००० देखि रु. १०००० सम्म |
| २ | १९ | (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशवाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी विक्री वितरण गर्ने एजेन्टले सवारी खरिद गरेको वा आयात गरी नेपाल भित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिन भित्र दर्ता नगरेमा<br>नेपाल सरकार वा प्रदेश सरकारको सम्वन्धित निकायले आयत गरेकोमा नेपाल भित्र भन्सार तिरी ल्याएको पैतालिस दिन भित्र अस्थायी दर्ता नगरेमा ।<br>(२) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा संचालित आयोजना सम्पन्न भए पश्चात ती आयोजना नेपाल सरकार वा प्रदेश सरकारलाई हस्तान्तरण हुँदाका वखत प्राप्त भएका वाहन वा दर्ता छुट भएका सरकारी पुराना सवारी साधन सम्वन्धित मन्त्रालयवाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड वमोजिम दर्ता गर्नु पर्ने ।<br>(३) उपदफा (१) र (२) वमोजिम दर्ता नगरी सवारी चलाउन वा चलाउन दिएमा । | रु. ७००० देखि रु. १५००० सम्म |
| ३ | ३३ | विदेशमा दर्ता भएको सवारी प्रचलित कानून वमोजिम अनुमति नलिई नेपाल भित्र चलाएमा । | रु. ७००० देखि रु. १५००० सम्म |
| ४ | ४३ | सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृती नलिई सवारी रङ्ग, सिट संख्या, स्वरुप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गरेमा । | रु. ७००० देखि रु. १५००० सम्म |
| ५ | ४९ | सवारी चालक अनुमति पत्र प्राप्त नगरी कुनै पनि सवारी चलाएमा । | रु. ५००० देखि रु. १०००० सम्म |
| ६ | ८४ | निर्धारित मार्गमा मार्ग इजाजत पत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा संचालन गरेमा । | रु. ७००० देखि रु. १५००० सम्म |
| ७ | ८५ | यातायात सेवा संचालन गर्नका निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा निवेदन नदिई संचालन गरेको पाइएमा | रु. ७००० देखि रु. १५००० सम्म |

| | | | |
|---|---|---|---|
| ८ | १३१ | निर्धारित मानिसको संख्या र मालसामानको वजन भन्दा वढी हुने गरी कुनै पनि सवारीमा यात्री वा मालसामान राखेमा । | रु. ५००० देखि रु. १०००० सम्म |
| ९ | १४१ | कसैले चालकको क्षेत्र (ड्राइभर केभिन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारवाट वाधा पुग्ने किसिमको व्यवहार गरेमा । | रु. ५००० सम्म जरिवाना वा एक महिना कैद वा दुवै सजाय |
| १० | १४२ | कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षक उपर हातपात वा दुर्व्यहार गरेमा - प्र.जि.अ.ले गराउने | रु. १५००० सम्म जरिवाना वा तीन महिना कैद वा दुवै सजाय |
| ११ | १४३ | कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आगमनमा वाधा पुग्ने गरी मालसमान वा निर्माण सामाग्री लगायत अन्य सामाग्री राखेमा ।<br>स्वीकृती नलिई राखिएका मालसामान वडा कार्यालयले प्रचलित कानून वमोजिम जफत वा जरिवाना गर्न सक्ने | रु. ७००० देखि रु. १५००० सम्म |
| १२ | १४४ | मार्ग ईजाजत प्राप्त सवारीलाई त्यस्तो इजाजत पत्रमा तोकिएको मार्गमा संचालन गर्न कसैले कुनै पनि किसिमको वाधा गरेमा- अदालत ठहर गर्ने | रु. ५०००० देखि रु. २,००,००० सम्म जरिवाना वा पाँच वर्ष सम्म कैद वा दुवै सजाय सहित क्षतिपूर्ती समेत |
| १३ | १५० | कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई कुटपिट दुर्व्यवहार वा तीनीहरुको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरुलाई कुनै पनि किसिमले हानी नोक्सानी पुर्याएमा । | रु. ७००० देखि रु. १५००० सम्म |
| १४ | १५९ | सार्वजनिक सडक तथा किनाराकव क्षेत्रमा घर पालुवा पशुपंक्षी छाडेकोमा सो को कारणले सवारी दुर्घटना भई सवारीमा रहेका वा वाहिर रहेका मानिसको मृत्यु भएमा त्यस्तो पशुपंक्षीको मालिकलाई -अदालतले ठहर गर्ने | रु. १००,०००।०० सम्म |
| १५ | १९१ | प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप वा चार्जिङ्ग स्टेशनको संचालन र स्थापना अनुमति पत्र नलिई संचालन गरेमा । | रु. १०००० देखि रु. २५००० सम्म |
| १६ | १९४( १) | दर्ताको प्रमाण पत्रमा उल्लेख भए वमोजिम वास्तविक नम्वर वा प्लेट नराखी अर्कै नम्वर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी दर्ता गराउने । | ६ महिना कैद वा रु.१५०००- रु. ५०००० सम्म जरिवाना |
| १७ | १९४(३) | उपदफा ( १) र( २) मा उल्लेखित भए देखि वाहेक यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वा जारी गरेको आदेशको विपरित काम कारवाही गर्ने गराउने । | रु. २००० देखि रु. १०००० सम्म |

यातायात व्यवस्था कार्यालय, झुम्का सुनसरी

| | | | |
|---|---|---|---|
| १८ | १९५ | ज्यान मारेमा हुने सजाय | अदालतले ठहराए वमोजिम हुने |
| १९ | १९६ | अंगभगं भएमा हुने सजाय | अवस्था वमोजिम |
| २० | १९७ | घा खर्च, कृया खर्च र क्षतिपूर्ती भराई दिने | नियमानुसार |
| २१ | १९९ | दफा १९९ विपरित हुने गरी काम कारवाही गर्ने गराउने व्यक्तिलाईप् कार्यहरु गरेमा- अदालत | रु. ५०,००० सम्म जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय सहित क्षतिपूर्ती |
| २२ | २०१ | कसैले सवारीमा रहेको चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानी नोक्सानी पुर्याउने काम गरे वा गराएमा । | रु. २००,०००।०० सम्म जरिवाना वा पाँच वर्ष सम्म कैद वा दुवै सजाय |

**नोट: माथि उल्लेखित व्यहोराहरु वागमती प्रदेश सरकारको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ वाट साभार गरिएको हो । जरिवानाका सम्वन्धमा सोही ऐनको परिच्छेद -११ मा भएको सजाय सम्वन्धी व्यवस्था हेरी यकिन गर्नु हुन अनुरोध छ ।**

यातायात व्यवस्था कार्यालय, खुर्कोट सिन्धुली